**गण्डकी प्रदेश सभा**

**आठौँ अधिवेशन**

**बैठक संख्या -२३**

**सूचनापत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८२ साल भाद्र २ गते, सोमवार**

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको १:१६** बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले **प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त पत्र**हरु पढेर सुनाउँनु भयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय कल्पना तिवारी, माननीय डिल्लीराम सुवेदी, माननीय प्रकाश वराल, माननीय विकल शेरचन, माननीय राजकुमारी भुजेल, माननीय रोशन बहादुर गाहा थापा, माननीय लिल बहादुर थापा मगर र माननीय श्यामराजा महतले समसामयिक विषयमा** आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात **प्रदेश सभामा विपक्षी दलको नेता माननीय हरि बहादुर चुमान**ले सभालाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात **माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे**ले सभालाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात **अर्थ तथा विकास समितिका माननीय सभापति भोजराज अर्यालले समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात **सामाजिक विकास तथा कृषि समितिका माननीय सभापति दमयन्ती रुचालले समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले **आगामि बैठक २०८२ साल भदौ ३ गते दिनको १:००** बजे बस्नेगरी **दिनको २:४४ बजे** स्थगित गर्नुभयो।

.........................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव